झापा इनर्जी लिमिटेड
Jhapa Energy Limited

प.सं.
२०८३/८४
चलानी नं.: २३

मितिः२०८३/०४/२८

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार, काठमाडौं

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाडौं

विषयः चौथौ त्रैमासिक वित्तिय विवरण प्रकाशित गरिएको बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४, नियम २६ को उपनियम (१) संग सम्बन्धित यस झापा इनर्जी लिमिटेडको आ.व. २०८२/८३ को चौथौ त्रैमासिक वित्तिय विवरण मिति २०८३ साउन २८ गते बिहिबार नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोले सो को जानकारीका लागि यस निवेदन पेश गर्न चाहन्छु ।

संलग्न कागजात

१. नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विवरणको प्रतिलिपि

भवदीय,

सरोज श्रेष्ठ
कम्पनी सचिव

बोधार्थः

श्री विद्युत नियमन आयोग, सानोगौचरण, काठमाडौ
श्री विद्युत विकास विभाग, सानोगौचरण, काठमाडौ

झापा इनर्जी लिमिटेड
JHAPA ENERGY LIMITED

रजिष्टर्ड कार्यालय : वितामोड नगरपालिका वडा नं. ४ झापा, नेपाल
इमेल: solarpower@jhapaenergy.com.np वेबसाइट: www.jhapaenergy.com.np

आ.व. २०८२/०८३ को चौथो त्रैमासिक विवरण

Statement of Financial Position

Particulars	As on Ashadh 32, 2083 Unaudited	As on Chaitra 30, 2082 Unaudited	As on Ashadh 32, 2082 Audited
ASSETS			
Non-Current Assets:			
Property, Plant & Equipment	785,702,475	796,574,832	822,329,199
Financial Assets			
Investment in Subsidiary	20,000,000	20,000,000	20,000,000
Other Non Current Assets	1,378,168	708,168	708,168
Total Non-Current Assets	**807,080,643**	**817,283,000**	**843,037,367**
Current Assets			
Inventories	6,053,272	6,100,372	2,633,710
Financial Assets			
Trade Receivables	12,284,035	19,627,779	12,327,696
Cash and Cash Equivalents	5,591,042	749,210	64,406
Other Current Assets	7,055,731	1,693,732	2,516,954
Current Tax Assets (Net)	1,525	1,525	666
Total Current Assets	**30,985,606**	**28,172,618**	**17,543,432**
Total Assets	**838,066,249**	**845,455,618**	**860,580,799**
Equity & Liabilities			
Equity			
Equity Share Capital	380,190,000	380,190,000	285,142,500
Other Equity	7,389,021	8,969,240	(4,673,713)
Total Equity	**387,579,021**	**389,159,240**	**280,468,787**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities			
Borrowings	399,928,666	412,088,366	452,768,565
Other Financial Liabilities	683,764	503,764	474,131
Total Non-Current Liabilities	**400,612,430**	**412,592,130**	**453,242,696**
Current Liabilities			
Financial Liabilities			
Borrowings	45,709,204	41,930,000	120,661,433
Trade Payables	-	-	344,741
Other Financial Liabilities	3,553,464	1,514,687	5,217,443
Provisions	113,000		56,500
Other Liabilities	499,129	259,560	589,199
Total Current Liabilities	**49,874,798**	**43,704,248**	**126,869,316**
Total Liabilities	**450,487,228**	**456,296,378**	**580,112,012**
Total Equity & Liabilities	**838,066,249**	**845,455,618**	**860,580,799**

Statement of Profit or Loss

Particulars	For The Quarter Ended Ashadh 32, 2083 Unaudited	For The Quarter Ended Chaitra 30, 2082 Unaudited	For The Quarter Ended Ashadh 32, 2082 Audited
Revenue			
Revenue from Sale of Electricity	104,712,105	81,683,379	91,059,475
Cost of Sales			
Generation Expenses	12,968,357	9,266,703	12,845,816
Gross profit	**91,743,748**	**72,416,676**	**78,213,659**
Depreciation	36,841,378	25,754,367	37,056,125
Administrative & Other Operating Expenses	9,191,211	6,814,046	7,450,643
Profit from Operation	**45,711,159**	**39,848,262**	**33,706,891**
Other Income	2,225,000	2,200,000	-
Finance Income	5,729	5,728	4,441
Finance Costs	33,284,691	25,991,575	53,424,566
Profit Before Tax	**14,657,196**	**16,062,415**	**(19,713,235)**
Current Tax	-	-	-
Profit After Tax	**14,657,196**	**16,062,415**	**(19,713,235)**

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम १ संग सम्बन्धित) अनुसूची–१४
(नियम २६ को उपनियम (१) संग सम्बन्धित)

१. **वित्तीय विवरण**

क) आ. व. २०८२/८३ को चौथो त्रैमासिकको अपरिष्कृत वित्तीय विवरण, तुलनात्मक वित्तीय विवरण र वित्तीय अनुपातहरु यसै प्रतिवेदन साथ प्रकाशित गरिएको छ।

ख) यस कम्पनीको शत प्रतिशत स्वामित्व रहेको झापा एग्रो इण्डष्ट्रिज प्रा. लि संग भएको सम्झौता बमोजिम यस चौथो त्रैमासिकको अवधिसम्ममा जग्गा लिज भाडा बापत रु. ४,००,०००/- यस कम्पनीले खर्च लेखाङ्कन गरेको छ।

(ग) **प्रमुख वित्तीय सूचकहरु:**

क्र.स.	विवरण	यस त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो आ.व. को यसै त्रैमासिकको अन्त्यसम्मको
१	प्रति शेयर आम्दानी (रु.) वार्षिकीकृत	३.८६	५.६३	(६.९१)
२	प्रति शेयर नेटवर्थ (रु.)	१०१.९४	१०२.३६	९८.३६
३	प्रति शेयर सम्पत्ती मूल्य (रु.)	२२०.४३	२२२.३८	३०१.८१
४	तरलता अनुपात	०.६२	०.६४	०.१४
५	पी. ई रेसियो वार्षिकीकृत	२६३.२८	२३२.३८	-

२. **व्यवस्थापकीय विश्लेषण:**

क) यस कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न बिद्युत खरिद बिक्री सम्झौता (PPA) अनुसार प्रति युनिट ७.३० का दरले नेपाल बिद्युत प्राधिकरणलाई निरन्तर बिद्युत बिक्री गर्दै आएको छ।

ख) यस कम्पनीले आफ्नो स्वामित्वमा १० बिघा १७ कट्ठा १८.५ धुर र यस कम्पनीको शत प्रतिशत स्वामित्व रहेको झापा एग्रो इण्डष्ट्रिज प्रा. लि. को नाममा १० बिघा १३ कट्ठा ११ धुर गरी जम्मा २१ बिघा ११ कट्ठा ९.५ धुर जग्गा खरिद गरी शिवसताक्षि, झापामा १० मे.वा. क्षमताको ग्रीडमा आवद्ध सौर्य विद्युत आयोजना निर्माण गरी संचालन गर्दै आई रहेको छ। यस कम्पनीले चौथौ त्रैमासिक अवधि सम्ममा यस आयोजनाबाट रु.१०,४७,१२,१०५ बराबरको विद्युत बिक्रीबाट आम्दानी गरेको छ।

ग) यस आयोजनामा जडित ५ MVA क्षमताका २ वटा इर्न्भटर मध्ये जेष्ठ १८, २०८३ गते एउटा इर्न्भटरमा आगलागी भई पूर्ण रुपमा क्षति भएको थियो। क्षतिका कारण आशिंक (५ मे.वा.) उत्पादन अवरुद्ध हुदाँ बिद्युत बिक्री आम्दानीमा कमी आउन गएको हो। नयाँ खरिद गरी ल्याएको इर्न्भटर जडान गरी हाल पूर्ण रुपमा बिद्युत उत्पादन सूचारु भएको जानकारी गराउँदछौ। सो घटनाबाट कम्पनीको सम्पत्तिमा भएको क्षति र बिद्युत उत्पादनमा कमीको मूल्याङ्कन भैरहेको र बीमा कम्पनीसँग क्षती बापतको बिमा दाबी गर्ने पक्रिया शुरु गरिएको जानकारी गराउँदछौ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:**

क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :**
यस त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको।

ख) **संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचालित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

ग) **कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा भएको भए :**
यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

यस कम्पनी व्यवस्थापनबाट शेयर मूल्यमा असाधारण प्रभाव पर्ने किसिमले कुनै पनि प्रकारको गतिविधिहरु भएको पाइएको छैन। नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाइट अनुसार आ. व. २०८२/८३ को चौथो त्रैमासिक अवधिमा शेयर सम्बन्धी कारोबारको विवरण देहाय बमोजिम रहेको छ।

शेयरको अधिकतम मूल्य (रु.)	शेयरको न्यूनतम मूल्य (रु.)	शेयरको अन्तिम मूल्य (रु.)	कुल कारोबार दिन	कुल कारोबार संख्या	कुल कारोबार शेयर संख्या
१,९२९	१,०००	१,०१५	६४	२०,८५५	१,३५६,०७९

५. **समस्या तथा चुनौती :**

विश्वव्यापी तापमान तथा जलवायु परिवर्तनले सौर्य किरण (Solar Insolation) मा फरक पर्न गई बिद्युत उत्पादनमा फरक पर्न सक्ने छ। त्यस्तै कम्पनीको दक्ष जनशक्ति कायम राख्ने चुनौतिहरु यस संस्थामा रहेको छ। संस्थामा आई पर्ने आन्तरिक र वाह्य समस्या तथा चुनौतिहरुलाई समय समयमा बस्ने सञ्चालक समितिको बैठकले समिक्षा गरी सो निराकरणको लागि आवश्यक कार्यान्वयन गर्ने गरेको छ।

६. **संस्थागत सुशासन :**

यस कम्पनीले संस्थागत सुशासन, संस्थागत सुशासन अभिबृद्धिका लागि सदैब उच्च प्राथामिकता राख्दै आएको छ। यस कम्पनीलाई नियमनकारी निकायहरुबाट प्राप्त निर्देशन, परिपत्रहरु व्यवस्थापनद्धारा तदारुकताका साथ सम्पादन गरी आएको छ। कम्पनी भित्र सुशासनलाई सुदृढ पार्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति तथा व्यवस्थापनको नियमित बैठकहरु बस्ने र सोको निर्णयहरु कार्यान्वयन गर्दै आइरहेको छ।

७. **सत्य, तथ्यता समबन्धमा कार्यकारी प्रमुखको उद्धोषण:**

यस प्रतिवेदनमा प्रस्तुत वितीय विवरणहरु कम्पनीद्वारा राखिएको लेखा अनुसार तयार गरिएको छ। मेरो जानकारीमा भए अनुसार यस विवरणमा उल्लिखित सम्पूर्ण विवरणहरु तथ्यको आधारमा तयार गरिएकाले सत्य, तथ्यपूर्ण रहेको र लगानीर्कतालाई सुसूचित गर्दै निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।